

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, असार ११ गते २०४४ साल (अतिरिक्ताङ्क १४ (क)

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम देहायका व्यक्तिहरूलाई देहाय बमोजिम सरूवा बढुवा र नियुक्त गरिबक्सेको छः–

१. मध्यमाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री केशवप्रसाद उपाध्यायलाई मुख्य न्यायाधीश पूर्वाञ्चल क्षेत्रीय अदालतमा सरूवा बढुवा।

२. महान्यायाधिवक्ता कार्यालयको अतिरिक्त न्यायाधिवक्ता श्री भैरवप्रसाद लम्सालः लाई अतिरिक्त न्यायाधीश मध्यमाञ्चल क्षेत्रीय अदालतमा नियुक्त ।

साथै मौसूफबाट अतिरिक्त न्यायाधीश श्री भैरवप्रसाद लम्सालको पारिश्रमिक र सुविधा क्षेत्रीय अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी निजको कार्यावधि २ वर्ष तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मधेश प्रदेश सरकार

आधिकारिकता पुष्टि विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।